मधुवन नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ४ **संख्या : ४** **प्रमाणिकरण मिति : २०७७/११/२३**

प्रकाशन मिति : २०७७/११/२४

भाग - १

मधुवन नगरपालिका

मधुबन नगर स्वास्थ्य ऐन, २०७७

प्रस्तावना: मधुवन नगरपालिका वासीहरुलाई संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी हक र अधिकार सुनिश्चित गर्न र "नेपालको संविधानको धारा ५७ को उपधारा (४) को अनुसूची-८ को सूची नं. ९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफ २(झ) मा व्यवस्थित काम कर्तव्य र अधिकारको प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्र समग्र स्वास्थ्य क्षेत्रको विकासका लागी मधुबन नगरपालिकामा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य क्षेत्रमा व्यापक सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विस्तार तथा विकास गर्न, गराउन स्पष्ट कानूनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) अनुसार यस मधुवन नगरपालिकाको नगर सभावाट मधुबन नगरपालिकाको स्वास्थ्य ऐन, २०७७ पारित गरिएको छ ।

परिच्छेद १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम मधुवन नगर स्वास्थ्य ऐन, २०७७ रहेको छ ।
(ख) यो ऐन नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले **मधुबन नगर स्वास्थ्य ऐन, २०७७** लाई सम्झनु पर्छ ।

(ख) **"नगरपालिका"** भन्नाले मधुवन नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) **"नगरसभा"** भन्नाले मधुवन नगरपालिकाको नगरसभालाई वुझ्नुपर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले मधुवन नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) **"नगर प्रमुख"** भन्नाले मधुवन नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(च) **"नगर उपप्रमुख"** भन्नाले मधुवन नगरपालिकाको उपप्रमुख लाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मधुवन नगरपालिकाको प्रमुख भई काम गर्ने प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) **"वडा अध्यक्ष"** भन्नाले मधुवन नगरपालिकाभित्र पर्ने सम्बन्धित वडाका वडा अध्यक्ष सम्झनुपर्छ।

(झ) **"वडा समिति"** भन्नाले . मधुवन नगरपालिकाभित्र पर्ने प्रत्येक वडाहरुको सम्बन्धित वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाइ सम्झनुपर्छ ।

(ञ) **"स्वास्थ्य शाखा"** भन्नाले मधुवन नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागी तोकिएको शाखा सम्झनुपर्छ ।

(ट) **"स्वास्थ्य संस्था"** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, आधारभुत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, क्लिनिक, आयुर्वेद तथा बैकल्पिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा केन्द्रहरु लगायत अन्य स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ठ) **"स्वास्थ्य सेवा"** भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा, योग, फिजियोथेरापी, अकुपन्चर, आम्ची, चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रबर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (पालिएटिभ) सेवा सम्झनु पर्छ ।

(ड) **"आकस्मिक स्वास्थ्य सेवा"** भन्नाले आकस्मिक घटना वा आपतकालिन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल प्रदान गरिने सेवा सम्झनु पर्छ ।

(ढ) **"आधारभुत स्वास्थ्य सेवा"** भन्नाले दफा **३** को उपदफा (१) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागी राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ।

(न) **"आकस्मिक चक्र कोष"** भन्नाले दफा ७ को उपदफा (२) तथा दफा ३१ अनुसार प्रसुति केन्द्रमा स्थापित चक्रकोषलाई सम्झनु पर्छ ।

(प) **"सामुदायिक वा गैरसरकारी स्वास्थ्य संस्था"** भन्नाले सामुदायिक स्वामित्वमा, ट्रष्ट, लोककल्याणकारी संस्थाहरु तथा गैरनाफामुलक गैरसरकारी लगानि तथा स्वामित्वमा
सञ्चालन भएका स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(फ) **"निजी"** भन्नाले निजि क्षेत्रबाट संचालित स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(ब) **"स्वास्थ्य सेवा व्यबसाय"** भन्नाले स्वास्थ्य उपचारको लागी चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्ने उद्योग, ओसार पसार तथा भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यबसायलाई वुझ्नुपर्छ ।

(भ) **"स्वास्थ्य व्यवस्थापन समिति"** भन्नाले ऐनको दफा **८** अनुसार नगरपालिकामा गठित स्वास्थ्य व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(म) **"सञ्चालन तथा व्यवस्थापन समिति"** भन्नाले ऐनको दफा ११ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

परिच्छेद २

आधारभूत स्वास्थ्य सेवा, सेवा प्रदायक र स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा :** (१) नगरपालिकाले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाहरु तोकिए बमोजिम सहज र सर्वसुलभ रुपमा निःशुल्क प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा नगरपालिकाले आन्तरिक स्रोत परिचाल गरी थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तथा प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

(४) नगरपालिकाभित्र आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारका संगठनात्मक संरचनाहरु रहने छन् ।

(५) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, जात, भौगोलिक अवस्था आदी कारणले उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः** (१) स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) **सरकारीः** सरकारी स्वामित्वमा नगरपालिका भित्र संचालन भएका आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आयूर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउघर क्लिनिक, खोप क्लिनिक, आयूर्वेद केन्द्रहरु लगायतका सरकारी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) **निजीः** निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, निदान केन्द्र, फार्मेसी लगायतका निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) **सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः** सामुदायिक स्वामित्वमा रहेका र ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन भएका अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक लगायतका स्वस्थ्य सेवा प्रदायक निकायहरु हुनेछन् ।

५. **आकस्मिक उपचार सेवा :** (१) नगरपालिका भित्र तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गर्नुपर्नेछ ।

६. **विशेषज्ञ स्वास्थ्य सेवा** : (१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतीका आधारमा नगरपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती स्वास्थ्य सेवा तथा शिविरको व्यवस्थापन गर्नेछ ।

(२) कुनै पनि गैर सरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा नगरपालिकासँग समन्वय गरेर स्वीकृती लिई संचालन गर्नुपर्ने छ ।

७. **प्रेषण सेवा :** (१) आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा नगरपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाइ आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गरि समन्वय गर्नुपर्नेछ ।

(२) अति बिपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका समुह वा स्थानीय तहले तोकिए बमोजिमका समुहहरुबाट बिशेषतः गर्भवती तथा सुत्केरी महिला, नवजात शिशुको जीवन रक्षाको लागि प्रसूति सेवामा खटिएका तोकिएका कर्मचारीहरुबाट सम्वन्धित स्वास्थ्य संस्थामा स्थापित "आकष्मिक चक कोष" को परिचालन गरी प्रेषण सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रेषण गर्दा स्वास्थ्य संस्थाले तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नुपर्दछ ।

(४) प्रेषण सम्बन्धि अन्य व्यवस्था प्रचलित नियम अनुसार हुनेछ ।

परिच्छेद ३

समिती सम्बन्धी व्यवस्था

८. **नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिः** (१) नगरपालिको स्वास्थ्य क्षेत्रको नीति, रणनीतिहरु निर्माण तथा कार्यन्वयन गर्न र नगरपालिका क्षेत्रभित्र रहेका सरकारी, नीजि, सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय, अनुगमन, नियमन र व्यवस्थापन गर्न देहाय बमोजिमको नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको गठन हुनेछ ।

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) नगरपालिका उप प्रमुख - उपाध्यक्ष

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविका सञ्जालको संयोजक - सदस्य

(च) वडा अध्यक्षहरु मध्येबाट नगर प्रमुखले तोकेको एक जना - सदस्य

(छ) कार्यपालिका सदस्यहरुमध्येवाट नगरप्रमुखले तोकेको १ जना महिला सहित २ जना सदस्य

(ज) स्वास्थ्य क्षेत्रका विज्ञ वा स्वास्थ्य संस्था प्रमुख मध्येबाट नगरप्रमुखले तोकेको १ जना- सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैह सरकारी संघ संस्था तथा नीजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ञ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) पदपुर्ति वा पदरिक्त : नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको सम्पूर्ण पदाधिकारीहरुको समय अवधि र कार्यकाल समिति गठन भएको मितिले ५ (पाँच) वर्षको हुनेछ । नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिका सदस्यहरु पुःन छनौट हुन यस ऐनले वाधा पुऱ्याएको मानिने छैन तर एउटै व्यक्ति लगातार ३ पटक भन्दाबढी नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिमा छनौट गर्न पाइने छैन । पदावधी बाँकी छदै कुनै सदस्यको स्थान रिक्त हुन आएमा वा स्थानान्तर भएमा त्यस्तो रिक्त स्थानको पदपुर्ति बाँकी अवधिको लागि मात्र हुनेछ । निम्न अवस्थामा नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिका पदाधिकारीहरुको पद रिक्त हुनेछ :

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) मृत्यु भएमा,

(ग) बसाई सरी गएमा,

(घ) राजिनामा स्विकृत भएमा,

(ङ) मानसिक अवस्था ठिक नभएमा,

(च) नैतिक पतन देखिने कार्य गरेमा वा अन्य कार्य व्यस्तताले विना जानकारी ३ पटक वा सो भन्दा बढी बैठकमा उपस्थित नभएमा ।

तर यस्तो अवस्थाको व्यक्तिलाई सुनुवाईको उचित मौका भने दिइनेछ ।

९. **नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) नगरपालिकाको क्षेत्राधिकार भित्रको स्वास्थ्य सेवा तथा सरसफाईको तथ्याङ्कहरु विश्लेषण गरि नगरपालिकाको आवश्यकतामा आधारित भएर स्वास्थ्य तथा सरसफाइ सम्बन्धि बार्षिक तथा आवधिक योजनाहरु तयार गर्ने ।

(ख) नगरपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,

(ग) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु संचालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धी नगरकार्यपालिकालाई आवश्यक सिफारिस /राय प्रदान गर्ने ।

(घ) स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यवस्थपनका लागि आवश्यक जनशक्ति लागयत अन्य श्रोत साधन जुटाउने र प्रभावकारी परिचालन गर्ने गराउने ।

(ङ) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यवसायहरूलाई गुणस्तरिय,मर्यादित र व्यवस्थित बनाउने,

(च) नगरपालिकावाट स्थापना भएका स्वास्थ्य संस्थाहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु सम्बन्धमा कार्यपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(छ) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र व्यवस्थापन समितिहरुलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(ज) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मुल्याँकनको लागि आवश्यक व्यवस्था मिलाउने ।

(झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकुल हुने गरि सहयोगात्मक सुपरिवेक्षण गर्ने ।

(ञ) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने गराउने वा आवस्यक परेमा विभिन्न उपसमिति, समुह तथा टोलि गठन गरी काम,कर्तव्य र जिम्मेवारी तोक्ने ।

(ट) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारणका लागि कार्यपालिका समक्ष सिफारीस गर्ने ।

(ठ) नगरपालिकाको स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी, सुन्ने, तथा यथोचित सम्वोधन गर्ने/गराउने, नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरिक्षण, राज्यवाट निशुल्कः उपलब्ध हुने औषधिहरुको नामावली, व्यवस्थापन समितिका सदस्यहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको फोटो सहितको नामावली, सुझाव पेटिका, आकष्मिक चक्र कोष तथा प्रेषण व्यबस्थापन सम्बन्धी जानाकारी मुलक बोर्ड आदि जस्ता सुशासनका औजारहरुलाई अध्यावधिक गर्ने तथा सर्वसाधारणले देख्नेगरी टाँस गर्ने प्रबन्ध मिलाउने ।

(ड) स्वास्थ्य सेवाको पहँचु भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ढ) नगरकार्यपालिकालाई स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा आवश्यकता अनुसार राय सुझाव र सल्लाह दिने ।

(ण) नगरपालिकाको स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(त) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार-उपकरण, औषधि तथा औषधिजन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यबस्थापन गर्ने गराउने ।

(थ) नगरपालिकामा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्यरत स्थानीय /निजि तथा गैह सरकारी संघ संस्थाहरुसंग समन्वय तथा आवश्यक परामर्श गर्ने ।

(२) नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धि व्यबस्था तोकीए बमोजिम हुनेछ ।

१०. **नगरपालिका स्वास्थ्य अनुगमन समितिः** (१) नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको मातहतमा रहने गरी स्वास्थ्य अनुगमन उप-समिती रहने छ । उक्त स्वास्थ्य अनुगमन उप-समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

११. **स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति सम्बन्धी व्यबस्थाः** (१) तोकिएको मापदण्डमा नगरपालिकाले अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले आवश्यक कानूनि व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित अस्पताल संचालन तथा ब्यवस्थापनका लागि देहाय बमोजिम रहने गरि अस्पताल सञ्चालन तथा ब्यवस्थापन समिति रहनेछ ।

(क) नगर प्रमुख - संरक्षक

(ख) नगरपालिका भित्र बसोवास गर्ने कम्तिमा स्नातक तह उत्तीर्ण, सामाजिक क्षेत्रको अनुभवी, मध्येबाट कार्यपालिकाले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) सम्वन्धीत अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(च) नगरपालिका स्वास्थ्य शाखाको प्रमुख - सदस्य

(छ) नगरकार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना - सदस्य

(ज) नगरपालिका तहको अस्पतालको नर्सिङ ईन्चार्ज एक जना- सदस्य

(झ) स्थानीय उद्योग व्यापार संघको अध्यक्ष वा प्रतिनिधि-सदस्य

(ञ) नगरपालिका तहको अस्पतालको प्रमुख - सदस्य सचिव

(३) नगर अस्पताल व्यवस्थापन समितिले आमन्त्रीत सदस्यको रुपमा स्थानिय सुरक्षा प्रमुख, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका र विषयगत विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक स्वास्थ्य संस्थाको छुट्टाछुट्टै संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) नगरप्रमुख - संरक्षक

(ख) नगरपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष - अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना - उपाध्यक्ष

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको सामुदायिक विद्यालयका महिला प्रमुख/प्राचार्य वा अध्यापनमा संलग्न मध्येबाट एक जना महिला - सदस्य

(ङ) स्थानीय व्यापार संघको प्रतिनिधि एकजना - सदस्य

(च) समितिबाट मनोनित महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका कार्यकारी अधिकारी - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(५) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, नगरपालिका वा वडाका कार्यकारी अधिकारी र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

(६) उपदफा (३) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।

(७) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,

क. दलित, जनजाति,मधेशी,मुश्लिम बाट १ जना

ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट १ जना

ग. किशोरकिशोरीहरुको तर्फबाट १ जना

(८) नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा संलग्न गराउन सकिने छ ।

(९) नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्था सुनिश्चत गर्नका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्यहरु पनि यसै ऐनमा व्यबस्था भए अनुसार गठीत समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(१०) उपदफा (२) र (३) बमोजिम गठन भएका व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको नगर/नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने (अनुसूचि २)।

(घ) स्वास्थ्यको बृहत् सामाजिक सास्कृतिक र आर्थिक निर्धारक तत्वहरुको कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र स्वास्थ्य सेवा उपभोगको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व–मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ठ) विद्युतीय स्वास्थ्यको अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि नगर/नगरपालिका अन्तर्गतका नगर/नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति र स्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने ।

(ड) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ढ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(१२) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन स्वास्थ्य समितिको सिफरिसमा कार्यपालिकाले गर्नेछ ।

(१३) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढीस्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो लागु हुने छैन ।

१३. **<u>बैंक खाता सञ्चालन</u>** : (१) नगरपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुले नगरपालिकाको लेखा प्रणालीमा सामञ्जस्यता हुने गरि छुट्टै बैंक खाता सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम रहेको बैक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) स्वास्थ्य संस्थाको व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक पर्ने रकम सोझै निकासा दिन सकिनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोकेबमोजिम गर्नुपर्नेछ ।

१४. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटनको व्यवस्था :** (१) व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिले मनासिब कारण र तथ्य सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

परिच्छेद - ४

स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम सेवा सम्बन्धी व्यवस्था

१५. **नगरपालिकाको स्वास्थ्य शाखा कर्मचारीहरुको व्यबस्था :** (१) नगरपालिकामा एउटा स्वास्थ्य शाखा रहनेछ । स्वास्थ्य शाखा कर्मचारीहरुको संगठन संरचना, दरबन्दी तेरिज र कार्यविवरण तोकिए बमोजिम हुनेछ ।

१६. **कर्मचारी व्यवस्थापनः** (१) स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरुको व्यवस्थापन प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) नगरपालिका भित्रका सरकारी स्वास्थ्य संस्था मार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(क) **स्थायीः** नगरपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका, प्रदेश लोकसेवा मार्फत सिफारीस भई आएका स्वास्थ्यकर्मीहरु,

(ख) **करारः** स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका, संघ तथा प्रदेश मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(ग) **अभ्यासकर्ता :** स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत बिद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका बिद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्य कर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सक्ने छ ।

(घ) **स्वास्थ्य अभियानकर्ता र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु**

(३) नगरपालिका अन्तर्गतका संस्थाहरुमा ओ.जे.टी.गर्न तथा स्वेच्छिक रुपमा कार्य गर्न आउने व्यक्तिहरुले नगरपालिकाको स्वास्थ्य शाखाबाट स्विकृती लिई सम्बन्धित संस्थामा सेवा प्रवाह गर्न सक्नेछन् ।

१७. **स्वास्थ्य अभियानकर्ता तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको व्यवस्थाः** (१) स्वास्थ्य सेवालाई घरघरको पहँचुमा पुऱ्याउन र जनचेतना फैलाउन स्वास्थ्य आमा समुहले तोकेको योग्यता पुगेका सदस्यहरुबाट सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाका छनौट गर्नेछ । यसरी छनौट भएर आएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले मान्यता प्रदान गर्नेछ ।

(२) नगरपालिकाले विशिष्टिकृत अवस्थामा स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिसमा तोकिएको प्रक्रिया पुरा गरि स्वास्थ्य अभियानकर्ता नियुक्ती गरि परिचालन गर्न सक्नेछ ।

(३) स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयं सेविका सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **स्वास्थ्यकर्मीको सेवा सुविधाः** (१) स्थायी स्वास्थ्यकर्मीहरुको सेवा सुविधा संघ तथा प्रदेश सरकारले तोके बमोजिम हुनेछ । आवश्यकता र क्षमताका आधारमा कार्यपालिकाले अन्य सेवा सुविधा थप गर्न सक्नेछ ।

(२) करार स्वास्थ्यकर्मीको सेवा सुविधा सम्बन्धीत दरबन्दिको प्रचलित तलब स्केल वा दुई पक्षबीचको आपसी समझदारीमा भएको करार सम्झौंता बमोजिम हुनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीको हकमा निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकम सम्म उपलव्ध गराउन सकिनेछ ।

(४) महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई वार्षिक रुपमा पोशाक भत्ता, तोकिए बमोजिम सञ्चार तथा यातायात खर्च, काममा खटाइएमा सो दिनको तोकिए बमोजिमको पारिश्रमिक लगायतका सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मीको बिदा र सेवा सुविधा सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१९. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण, नियुक्ति, बढुवा र सरुवाः** (१) सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । आवश्यकताको आधारमा नगरपालिकाले थप गर्न सक्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा वा थप कमर्चारीको आवश्यकता परेमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) स्वास्थ्य संस्थामा रिक्त दरबन्दि पदपुर्तिका लागि स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) नगरपालिका भित्र सरुवाका लागी निवेदन दिने स्थायी स्वास्थ्यकर्मी तथा कर्मचारीको सरुवा तथा पदस्थापन सरुवा भएर जाँदा र आउदा सेवग्राहिले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी नगरप्रमुखको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सरुवा गर्दा दरवन्दी अनुसारका पदहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा सोही दरवन्दी भएको ठाउँमा मात्र गर्न पाईने छ ।

(६) संघ तथा प्रदेश लोक सेवा आयोगबाट सफल भई सिफारिस भएका स्वास्थ्यकर्मी तथा कर्मचारी लाई प्रमुख प्रशासकीय अधिकृतले दरबन्दी अनुकुल हुनेगरी पदस्थापन गर्नुपर्नेछ ।

(७) स्वास्थ्यकर्मीको सरुवा, बढुवा,काज,राजिनामा, अवकास सम्वन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ ।

२०. **कार्यसम्पादन मुल्यांकङ्कन गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सेवा प्रवाह चुस्त दुरुस्त गर्न देहाय अनुसार कार्यसम्पादन मुल्यांकङ्कन गर्नुपर्नेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुख समक्ष, स्वास्थ्य शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष, स्वास्थ्य शाखाका अन्य कर्मचारी तथा स्वास्थ्य संस्थाका प्रमुखहरुले स्वास्थ्य शाखा प्रमुख समक्ष र स्वास्थ्य संस्थाका अन्य कर्मचारीले स्वास्थ्य संस्था प्रमुख समक्ष कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेछ ।

(ख) कार्यसम्पादन मुल्यांकङ्कन १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(ग) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य नगर स्वास्थ्य अनुगमन उप-समितिले अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारीहरुलाई सोहि क्षेत्र बाहेकका अन्य काममा लगाउन पाईने छैन ।

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश र नगरपालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा अन्यथा भए बाहेक नगरपालिकाले नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

(च) कार्य सम्पादन मुल्यांकङ्कनका सूचकहरु तोकिएबमोजिम हुनेछन् ।

२१. **पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) देहायका अवस्थामा नगरपालिका अर्न्तगत कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारी लाई पदबाट हटाउन नगरपालिका स्वास्थ्य व्यवस्थापन समितिले कार्यपालिका समक्ष सिफारिश गर्नेछ । सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको कार्यालमा अनुपस्थित भएमा,

(ग) कार्यालयमा धुम्रपान तथा मध्यपान सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा,

(च) राजनितिक दलको सदस्यता हाँसिल गरि सक्रिय राजनितिमा संलग्न रहेको पाईएमा,

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनकालागी सक्रिय राजनिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका रहेका संघ संगठन वा कार्यकारिणी समिति संलग्न रहेको सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

२२. **अदालतको आदेशबाट पुनःबहाली हुन सक्नेः** (१) दफा (२१) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मिति सम्मको पुरा तलब ,भत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउन योग्य भए सो समेत पाउनेछ ।

२३. **तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुनेः** नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र दफा (२२) को उपदफा (२) वमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थमामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले अनुपस्थित अवधीको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधी सेवामा गणना हुनेछैन ।

२४. **स्थायी आवासीय अनुमति लिन नहुनेः** नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन पाईने छैन । स्थायी आवासीय अनुमति लिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवावाट वर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

परिच्छेद ५

स्वास्थ्य संस्था स्थापना तथा संचालन सम्वन्धी व्यवस्था

२५. **स्वास्थ्य संस्था खोल्न अनुमति लिनुपर्नेः** (१) कुनै व्यक्ति, समुह वा संघ संस्थाले निजी, सामुदायिक वा लोक कल्याणकारी स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिका लागी निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकाले अनुगमन उप-समिति मार्फत आवश्यक स्थलगत अनुगमन तथा जाँचवुझ गरी राय सहितको प्रतिवेदन नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ । सोहि प्रतिवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिसमा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन का लागि अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई स्थापना गरिएको स्वास्थ्य संस्थाले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा सेवा संचालनका लागि नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिशमा कार्यपालिकाको निर्णयले स्वीकृति प्रदान गर्नेछ ।

(४) नगरपालिकाको स्वमित्वमा रहने वाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्ने अनुमति दिइने छैन ।

(५) सामुदायिक वा सर्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय सञ्चालन गर्दा देहाय बमोजिम हुनु पर्नेछ :

(क) गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङगठित संस्थाको रूपमा दर्ता भएको हुनु पर्ने

(ख) गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए ट्रष्टमा कम्तीमा ७ (सात) जना सदस्य हुनु पर्ने,

(ग) आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको पुर्व स्वीकृति लिनु पर्ने,

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय सञ्चालन गर्नसक्नेछ ।

(७) उपदफा (६) बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसायले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी नगरपालिका भित्र संञ्चालनमा रहेका क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय यसै ऐन अनुसार स्थापना भएको मानिने छ । त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितीले ३ (तीन) महिना भित्र दर्ता नियमित गर्न/गराउन तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(९) स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय दर्ता तथा सञ्चालन प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

(१०) उपदफा (२) र (३) बमोजिम खोलिएका कुनै पनि नीजि, सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसाय वाट यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यबसायलाई प्रदान गरेको अनुमति वा स्वीकृति नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिशमा रद्ध गर्न सक्नेछ । त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सफाई पेशगर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे सम्बन्धित निकायमा उजुरी दिन सकिने छ ।

परिच्छेद ६

स्वास्थ्य संस्था स्थापना र सञ्चालन मापदण्ड सम्वन्धी व्यवस्था

२६. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः** (१) नगरपालिकाले तोकिएको मापदण्ड पुरा गरि १५ (पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिकाले प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहनेगरी र जनसंख्याको अनुपातमा थप गर्न आवश्यक रहेमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको न्यूनतम मापदण्ड बमोजिमको दरबन्दी अनुसारको जनशक्ति रहनेछ । आवश्यकता अनुसार नगरपालिकाको थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणः आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका उपकरणहरु ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र : नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा नगरपालिका आफैंले आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । नगरपालिकाले थप जनशक्ति ताक्नि सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणः आधारभूत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका उपकरणहरु ।

२७. **निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने :** (१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ (पन्ध्र) शैया सम्मको सञ्चालन अनुमति नगरपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचा र प्रकृया अनुसार निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य अनुगमन उप-समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न स्वास्थ्य सेवा व्यवस्थापन समिति मार्फत कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा कार्यपालिकाले दुई बर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) स्वास्थ्य अनुगमन उप-समितिले नगरपालिका क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।

(८) स्वास्थ्य संस्था स्थापना र सञ्चालनका लागि आवश्यक पुर्वाधार, जनशक्ति, औजार तथा उपकरण र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **मापदण्ड पूरा नगरेमा सजाय हुनेः** (१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुठो विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन उप-समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) स्वास्थ्य सेवा प्रदान गर्दा सम्बन्धीत स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको स्वास्थ्यकर्मीले मात्र सेवा प्रदान गर्नुपर्नेछ । अन्यथा प्रचलित कानून बमोजिम दण्ड जरिवाना देखि अनुमति खारेज गर्न सकिनेछ ।

२९. **सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः** (१) सामुदायिक, निजी तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुल सेवाग्रहिको कम्तीमा १० प्रतिशत तोकिए बमोजिका सेवाग्राहीहरुलाई निःशुल्क सेवा प्रदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ ।

परिच्छेद ७

कोष, शुल्क तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्वन्धी व्यवस्था

३०. **आकष्मिक चक्र कोषको ब्यबस्था :** (१) नगरपालिकाले दफा ७ को उपदफा (२) बमोजिम प्रेषण सेवालाई व्यवस्थित गराउन प्रसूति केन्द्र भएका प्रत्येक स्वास्थ्य संस्थामा एउटा आकष्मिक चक्र कोषको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगर कार्यपालिकाको स्वास्थ्य कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(३) उपदफा (१) बमोजिमको कोषको स्थापना, सञ्चालन, लेखापरीक्षण तथा सार्वजनिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

३१. **शुल्क सम्वन्धी व्यवस्थाः** (१) तोकिए बमोजिमको आधारभुत स्वास्थ्य सेवा नगरपालिका मातहतका कुनै पनि स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन ।

(२) नगरपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकौ कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी तोकिएको वाहेकका सेवा दिन नगरपालिकाले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन

व्यवस्थापनका लागी स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्क स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(४) सामुदायीक, निजी तथा लोक कल्यकाणकारी स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने स्वास्थ्य सेवाको शुल्क सेवा र गुणस्तरको आधारमा स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरि स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(५) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा दश हजार रूपैयाँ देखी एकलाख रुपैयाँसम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्न सक्नेछ ।

३२. **स्वास्थ्य संस्थाको सम्पत्तिः** (१) नगरपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति नगरपालिकाको सम्पत्ति हुनेछ । प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम नगरपालिकाको मुल खातामा जम्मा गरी संबन्धित स्वास्थ्य संस्थाको खातामा जम्मा गरीने छ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सम्पत्ति सम्वन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको पुर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न नगरपालिकाको सिफारीसमा संघीय सरकारवाट पुर्व स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्वीकृति बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

३३. **छुट र सुविधाः** (१) सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य संस्थाको नाममा कुनै लिखत पारित गर्दा तोकिए बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद ८

औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था

३४. **बार्षिक खरिद योजना बनाउनु पर्नेः** (१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद तथा व्यवस्थापन गर्न बार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ । खरिद इकाईको गठन तथा काम कर्तव्य र जिम्मेवारी प्रचलित कानुनबमोजिम हुनेछ ।

३५. **औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदः** (१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि नगरपालिका स्वास्थ्य शाखाले प्रक्रिया अगाडी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्यजन्य समाग्रीको खरिद कार्य प्रचलित कानून बमोजिम हुनेछ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधिको कूल परिमाण र मूल्य खरिद मितिको एक हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ ।

३६. **औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको भण्डारण:** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(२) सम्वन्धित स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत बिवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित नगरपालिका स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ ।

परिच्छेद ९

स्वास्थ्य सेवाको गुणस्तर सम्वन्धी व्यवस्था

३७. **स्वास्थ्य सेवाको गुणस्तर तोक्न सक्ने:** (१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको गुणस्तर निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर निर्धारण गर्दा नगरपालिकाको स्वास्थ्य व्यस्थापन समितिको कार्यविधि अनुसार हुनेछ । स्वास्थ्य सेवाको गुणस्तर न्युनतम सेवा मापदण्ढ र राष्ट्रिय चिकित्सा मापदण्ड अनुरुप हुने गरी निर्धारण गर्नुपर्नेछ ।

(३) स्वास्थ्य व्यवस्थापन समितिले तोके बमोजिमको प्रकृया पुरा गरि नियमित रुपमा नगरपालिका क्षेत्राधिकार भित्र रहेका सम्पुर्ण स्वास्थ्य संस्थाहरुको गुणस्तर लेखाजोखा गर्नुपर्ने छ ।

३८. **सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन:** (१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

परिच्छेद १०

आपतकालिन स्वास्थ्य सेवा प्रवाह,संक्रामक तथा नसर्ने रोगको रोकथाम एवं व्यवस्थापन र महामारी नियन्त्रण सम्बन्धि व्यवस्था

३९. **आपतकालिक स्वास्थ्य सेवा तथा व्यवस्थापन:** (१) नगरपालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरि लागु गर्नेछ ।

(२) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुह परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समूहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्बन्धि व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(४) नगरपालिका स्तरमा विपद व्यवस्थापन केन्द्र स्थापनका तथा संचालन गर्न सकिनेछ यसरी विपद व्यवस्थापन केन्द्र संचालन गर्दा नजिकको स्थानीय तहसंग समन्वय गरी संयुक्त रुपमा संचालन गर्न पनि सकिनेछ ।

४०. **सङ्क्रामक तथा नसर्ने रोगको रोकथाम एवं व्यवस्थापन र महामारी नियन्त्रण :** (१) सङ्क्रामक रोगहरुको सूची नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(२) नगरपालिका क्षेत्रभित्रको कुनै स्थानमा उच्च जोखिमयुक्त सङ्क्रामक रोग देखिएमा सो को जानकारी जतिसक्दो छिटो नजिकको सामुदायिक स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वंयमसेविकालाई गराउनु सम्बन्धित व्यक्तिको कर्तब्य हुनेछ ।

(३) कुनै व्यक्ति सङ्क्रामक रोगबाट प्रभावित भएको पाइएमा निजको उपचार व्यबस्थापन सम्वन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले तत्कालै गर्नुपर्नेछ ।

(४) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी नजिकको सामुदायिक स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वंयसेविकालाई टिपोट गराउन सकिनेछ ।

(५) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(४) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सो को प्रभावक्षेत्र निर्क्यौल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध गर्न र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न समेत सक्नेछ ।

(५) स्थानीय स्तरमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन नगरपालिकाले कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ ।

(६) महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारले आदेश जारी गरिसकेको अवस्थामा यस दफा बमोजिम आदेश जारी गर्नु पर्ने छैन र त्यस्तो आदेश स्थानीय सरकारले समेत कार्यान्वयन गर्नेछ ।

(८) माहामारी नियन्त्रण तथा रोकथामका लागि नगरपालिकाले एउटा छुट्टै द्रुत प्रतिकार्य टोली र आकस्मिक चिकित्सकिय टोली गठन गरी त्यस टिमलाई माहामारी र विपतका बेला आवश्यक परिचालन गर्नेछ ।

परिच्छेद ११

जनस्वास्थ्य संरक्षण, प्रवर्धन तथा वातावरणिय स्वास्थ्य सम्बन्धी व्यवस्था

४१. **जनस्वास्थ्य प्रवर्धन :** (१) खाद्यान्न, तरकारी तथा फलफूल, दुग्धजन्य पदार्थ, मासु जन्य पदार्थ, पानि लगायतका उपभोग्य वस्तुको उत्पादन,भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन नगरपालिकाले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ ।

(२) जनस्वास्थ्य मैत्री आवस तथा पुर्वाधार निमार्ण, जनस्वास्थ्य लाई प्रभावित पार्ने विज्ञापन तथा प्रचार प्रसार, सामाजिक संस्कृतिक अन्धविश्वास लाई नियमन गर्न नगरपालिकाले आवश्यक कानून बनाई लागु गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य प्रवर्धनका लागि नगरपालिका क्षेत्रमा रहेका रणनितिक स्थानहरुमा सावजनिक शौचालय, योग तथा व्यायमशालाहरु, खुल्ला स्थान तथा खेल मैदानहरु, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्नुपर्ने छ ।

(४) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन नगरपालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ ।

(५) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

४२. **वातावरणिय स्वास्थ्यः** (१) ध्वनी, बायु, जल, बिषादी, दृश्य र अन्य जैविक तथा रासायकि पदार्थको प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्युनिकरण गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) उच्च ध्वनि प्रदुषणबाट उत्पन्न हुने स्वास्थ्य समस्या न्युनिकरणका लागि राति १० (दश) वजे देखी बिहान ५ (पाँच) बजे सम्म नगरपालिका क्षेत्र भित्र चर्को आवाजमा कुनै पनि उच्च ध्वनिजन्य सामग्रीहरु बजाउन नगरपालिकाले पूर्णरुपमा रोक लगाउने छ । यदि कसैले यो नियमको अवज्ञा गरेमा प्रचलित कानुन बमोजिम दण्ड सजाय हुनेछ ।

(३) नगरपालिकाको स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराई लागु गर्नु पर्नेछ ।

(४) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर बिसर्जन गर्ने स्थानको अनिबार्य व्यवस्था हुनु पर्नेछ । एक परिवारको शौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निश्कासित फोहरमैला पूनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगरपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(६) स्वास्थ्यजन्य फोहोरमैला संकलन, प्रशोधन, विर्सजन र नियमनको लागि प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ । आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धीत संस्थाकै दायित्व हुनेछ ।

४३. **सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) नगरपालिकाले खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गर्न बन्देज गर्नेछ ।

(३) नगरपालिकाले सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री बितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री बितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

परिच्छेद १२

हाइवे ट्रमा यूनिट, सर्पदशं उपचार इकाई तथा परामर्श केन्द्र सम्बन्धी व्यवस्था

४४. सडक दुर्घटनाका कारण हुने घाइतेहरुको शीघ्र उपचारका लागि नगरपालिकाले हाइवे ट्रमा यूनिट स्थापना गर्नेछ ।

४५. सर्प तथा अन्य बिषालु किरा, जीवजन्तुहरुको टोकाईको उपचारको निम्ति नगरपालिकाले आवस्यकता अनुसार सर्पदशं तथा रेबिज उपचार इकाईको स्थापना गर्नेछ । यस्ता यूनिट वा इकाईहरुको दरबन्दी तथा अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४६. मानसिक रोग, सामाजिक विकृती तथा आत्महत्या सम्बन्धी समस्याहरुलाई न्यूनीकरण गर्नकालागि नगरपालिकाले नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था मार्फत परामर्श तथा आधारभुत मानसिक स्वास्थ्य सेवाहरु प्रदान गर्नुपर्नेछ ।

परिच्छेद १३

जरिवाना सम्बन्धि व्यवस्था

४७. **जरिवाना गरिनेः** (१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यबसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिले पेश गरेको राय सुझाव तथा प्रतिवेदनको आधारमा न्यायीक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

(२) कुनैपनि स्वास्थ्य सेवा प्रदायक संस्था वा व्यक्तिले यस ऐन विपरित कुनै कार्य गरेमा, नगरपालिकाले तोकेको मापदण्ड पुरा नगरेमा, नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा कसुरको गाम्भिर्यतालाई विचार गरि न्यायीक समितिले पाँच लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय गर्नेछः

(क)उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख)स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग)उपचारमा बद्नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ)कानून विपरितका अन्य कार्य गरेमा ।

(४) जरिवाना सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१), (२), (३), (४) बमोजिम जरिवाना गर्नु अघि कार्यपालिकाले तोकिए बमोजिम काम, कर्तव्य र अधिकार भएको छानविन समिति गठन गरि छानविन गर्नेछ ।

(६) नगरपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

४८. **प्रचलित कानुन बमोजिम सजाय हुनेः** (१) यस ऐन बमोजिम सजाय हुने कुनै कसुरमा अन्य प्रचलित कानुन बमोजिम पनि सजाय हुन सक्ने अवस्था रहेछभने सोहि कानुन बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याउने छैन ।

परिच्छेद १४

विविध

४९. **सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः** (१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भय रहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सवैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वस्थ्यकर्मीको कर्तव्य हुनेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

५०. **निजी मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः** (१) संघीय, प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

५१. **अभिलेखिकरण तथा प्रतिवेदनः** (१) नगरपालिका क्षेत्रभित्रका संचालनमा रहेका सम्पुर्ण स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्रहिको तोकिए बमोजिमको अभिलेख सुरक्षित रुपमा राख्ने र तोकिएको निकायमा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(२) नगरपालिका तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ ।

५२. **साझेदारी सम्वन्धमा** : नगरपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी,गैरसरकारी संस्था,सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न स्वास्थ्य सम्बन्धि कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट आर्थिक ,औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता समेत प्राप्त गर्न सक्नेछ ।

५३. **नियम बनाउने अधिकारः** (१) यो ऐन कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

५४. **संक्रमणकालीन व्यवस्थाः** (१) यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्नसक्नेछ ।

५५. **बाधा अडकाउ फुकाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ ।

५६. **बचाउ र लागु नहुनेः** (१) यो ऐन र अन्तर्गत बनेका नियमहरुमा लेखिएजति कुरामा सोही बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा बझिन गएका यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछ । यस ऐनमा भएका व्यवस्थालाई संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी समयानुकुल परिमार्जन र संशोधन गर्न सकिनेछ ।

५७. **यसै अनुसार हुनेः** (१) यसअघि भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

(२) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयमसेवकहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

आज्ञाले,

ओमकार शाह

प्रमुख प्रशासकीय अधिकृत